नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
# सडक बिभाग
(संभार महाशाखा)

Visit Nepal 2020 Lifetime Experiences
E-mail: maintb23@gmail.com
☎:(९७७-१)५५२९०९६
फ्याक्स: (९७७-१) ५५३२०१५
ललितपुर ।नेपाल ।

पत्र संख्या : सं.८/२०७६/०७७
च.नं.:- ४०६

मिति:- २०७६/९/२५

श्री स.बि,संघिय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय: ईटहरी/काठमाडौं/पोखरा/सुर्खेत ।
श्री स.वि, गल्छी-त्रिशुली-स्याफ्रुवेशी-मैलुङ्ग-रसुवागढी सडक योजना ।

विषय : ठेक्काको म्याद थपको File पेश गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा हालै संशोधित सार्वजनिक खरिद नियमावली (नवौ संशोधन), २०७६ को परिप्रेक्षमा श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको प.सं.नि/७,०७६/७७, च.नं. १७१, मिति २०७६/९/१८ को पत्र प्राप्त भएको छ । उक्त पत्रको प्रतिलिपी यसै साथ संलग्न छ । नवौं संशोधन बमोजिम म्याद थप गर्नुपर्ने File हरु श्री भौतिक पुर्वाधार तथा यातायात मन्त्रालयमा निर्धारित समयमै पठाउनुपर्ने भएकोले संभार महाशाखा मार्फत सिफारिस हुनुपर्ने सम्पूर्ण म्याद थपका File हरु श्री सडक विभागमा मिति २०७६/१०/५ भित्रै पेश गर्नुहुन अनुरोध छ । साथै मन्त्रालयको उपरोक्तानुसारको पत्र बमोजिम निर्देशन भएको अन्य काम कारबाहीहरु चुस्त-दुरुस्त रुपमा गर्ने/गराउने व्यवस्था गर्नुहुन निर्देशानुसार अनुरोध छ ।

अमिर सुवेदी
ईन्जिनियर

वोधार्थ :

- श्री सबै सडक डिभिजन ।

नेपाल सरकार
# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
(पूर्वाधार निर्माण तथा यातायात महाशाखा)

फोन नं. ४२११८८०, ४२११९३१, ४२११६५५, ४२११५८४
फ्याक्स नं.- ४२११७२०
सिंहदरवार, काठमाडौं,
नेपाल ।
URL : www.mopit.gov.np
email : info@mopit.gov.np

प.सं. :- नि/७.०७६।७७
च.नं. :- १७१

मिति: २०७६।०९।१८

श्री सडक विभाग,
चाकुपाट, ललितपुर ।
श्री रेल विभाग,
विशालनगर, काठमाण्डौं ।
श्री यातायात व्यवस्था विभाग,
मिनभवन, काठमाण्डौं।
नेपाल पानी जहाज कार्यालय,
एकान्तकुना, ललितपुर।

विषय :- ठेक्का म्याद थप सम्वन्धमा ।

प्रस्तुत सम्वन्धमा सार्वजनिक खरिद (नवौ संशोधन) नियमावली, २०७६ पुष १४ गते नेपाल राजपत्रमा प्रकाशित भैसकेको व्यहोरा अवगत नै होला। सो संशोधित व्यवस्था अनुसार नियमावलीको नियम १२० को उपनियम (६क) मा "उपनियम ६ को प्रतिबन्धात्मक वाक्यांश वमोजिम म्याद थप सम्बन्धी निर्णय गर्दा यो उपनियम प्रारम्भ भएको ६० दिन भित्र गरी सक्नुपर्नेछ।"भनी उल्लेख भएको छ। साथै सोही नियमावलीको उपनियम (६च) मा "यस नियम वमोजिम म्याद थपको कारवाही प्रकृया समयमा नटुङ्ग्याउने र म्याद थप भएका निर्माण कार्यको दैनिक कार्य प्रगतिको अनुगमन, मुल्याङ्कन र कारवाही समयमै नगर्ने सम्बन्धीत पदाधीकारी वा कर्मचारीलाई प्रचलित कानून वमोजिम कारबाही हुनेछ।"भनी उल्लेख भएको हुँदा उपनियम (६) वमोजिम म्याद थप प्रकृयाको लागि उपनियम (१क) वा (१ख) वमोजिम निवेदन पेश भएका ठेक्का सम्झौताको हकमा प्राविधिक प्रतिवेदन समेतका आधारमा कार्य प्रगति र बाँकी कार्यको विश्लेषण गरी म्याद थप गर्दा सम्झौता वमोजिम कार्य सम्पन्न हुन सक्ने देखिएमा सार्वजनिक निकायलाई थप आर्थिक व्ययभार नपर्ने गरी यस मन्त्रालयमा २०७६ माघ १५ भन्दा ढीलो नहुने गरी म्याद थप सम्बन्धी फाइल पेश हुनुपर्ने र म्याद थप भए पश्चात दैनिक कार्य प्रगतिको अनुगमन, मुल्याङ्कन गरी सो को प्रतिवेदन मन्त्रालयमा समेत पेश गर्न र नियम १२० को उपनियम (६) वा (६ग), (६घ) र (६ङ) वमोजिम आवश्यक कारवाही अधिकार प्राप्त अधिकारीले समयमै गर्नहुन जानकारी गराइन्छ। अन्यथा सोही नियमावलीको उपनियम (६च) वमोजिम सम्बन्धित पदाधिकारीलाई कारवाही समेत गरिने नेपाल सरकार (सचिवस्तर) को मिति २०७६।०९।१८ को निर्णय अनुसार अनुरोध गर्दछु।

प्रमिला देवी शाक्य बज्राचार्य
(सह सचिव)